# मार्मा गाउँपालिका राजपत्र

खण्डः १०　　संख्याः १　　मितिः२०८२/०४/२५

भाग —२

# मार्मा गाउँपालिका क्षेत्र भित्र अटो तथा ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०८२

कार्यपालिकामा पेश मितिः २०८२/०४/२३
कार्यपालिकाबाट पारित मितिः २०८२/०४/२३
प्रमाणिकरण मितिः २०८२/०४/२३
राजपत्रमा प्रकाशित मितिः २०८२/०४/२५

## मार्मा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## लटिनाथ, दार्चुला
## सुदूरपश्चिम प्रदेश, नेपाल

प्रस्तावनाः मार्मा गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने तथा हुदै आएका अटो तथा ई-रिक्सालाई व्यवस्थित गर्न बाञ्छनीय देखिएकाले सोको व्यवस्थापन गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा ४ (ट१) ले दिएको अधिकार प्रयोग गरी **मार्मा गाउँपालिका क्षेत्रभित्र अटो तथा ई-रिक्सा व्यवस्थापन कार्यविधि २०८२** मार्मा गाउँपालिका दार्चुलाको मिति **२०८२/०४/२३** गतेको कार्यपालिका बैठकबाट पारित गरी यो कार्यविधि लागु गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"मार्मा गाउँपालिका क्षेत्र भित्र अटो तथा ई-रिक्सा व्यवस्थापन कार्यविधि, २०८२" रहेको छ।**

ख. यो कार्यविधि मार्मा गाउँपालिका गाउँकार्यापालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

**क. स्थानीय तह भन्नाले** नेपालको संविधानको धारा ५६ को उपधारा ४ बमोजिम गठित स्थानीय तहलाई जनाउने छ।

**ख. गाउँपालिका भन्नाले** मार्मा गाउँपालिका सम्झनु पर्दछ।

**ग. कार्यविधि भन्नाले** मार्मा गाउँपालिका क्षेत्रभित्र अटो तथा ई रिक्सा व्यवस्थापन कार्यविधि २०८२ जनाउनेछ।

**घ. कार्यपालिका भन्नाले** मार्मा गाउँपालिकाको कार्यपालिका सम्झनु पर्छ।

**ङ. प्रमुख भन्नाले** मार्मा गाउँपालिकाको अध्यक्षलाई जनाउने छ।

**च. उपाध्यक्ष भन्नाले** मार्मा गाउँपालिकाको उपाध्यक्ष लाई जनाउनेछ।

**छ. प्रमुख प्रशासकीय अधिकृत भन्नाले** मार्मा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

**ज. सवारी साधन भन्नाले** अटो तथा ई-रिक्सा सम्झनु पर्छ।

**३. अटो तथा ई-रिक्सा व्यवस्थापन समिति गठनः**

(१) गाउँपालिकाभित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटनारहित ढङ्गबाट सेवा सुचारु एवम सुव्यवस्थित गर्न आवश्यक मार्गदर्शन तथा नीति निर्माण गर्न गाउँपालिकामा देहायअनुसारको अटो तथा इ रिक्सा व्यवस्थापन समिति रहने छ।

| | |
|---|---|
| क. अध्यक्ष | अध्यक्ष |
| ख. उपाध्यक्ष | सदस्य |
| ग. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| घ. गाउँपालिकाको विषयगत समिति संयोजक | सदस्य |
| ङ. जिल्ला प्रशासन कार्यालय दार्चुलाले तोकेको अधिकृत प्रतिनिधि | सदस्य |
| च. स्थानीय प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| छ. स्थानीय ट्राफिक प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| ज. अटो व्यवसायि मध्ये अध्यक्षले मनोनित व्यवसायि १ जना | सदस्य |
| झ. गाउँ यातायत व्यवस्थापन तथा नियमन हेर्ने शाखा प्रमुख | सदस्य सचिव |

(२) नियम ३ (१) (ज) बमोजिमको सदस्य मनोनित भएको मितिले २ वर्ष सम्म बहाल रहनेछ।

(३) नियम ३ बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। बैठक अध्यक्षको आदेशले सदस्य सचिवले बोलाउनेछ।

(४) आवश्यकता अनुसार विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रित गर्न सकिने छ।

(५) समितिले बैठक सञ्चालनको कार्यविधि आफै निर्धारण गर्न सक्ने छ।

**४. अटो तथा ई-रिक्सा व्यवस्थापन समितिको कामः**

क) गाउँपालिकाभित्र अटो तथा इ-रिक्सा सञ्चालनलाई  व्यवस्थित गर्न आवश्यक नीति निर्माण तथा मार्गदर्शन गर्ने।

ख) अटो तथा ई-रिक्साको पार्किङ स्थल तोक्ने

ग) अटो तथा ई-रिक्साको स्थान अनुसार भाडादर निर्धारण गर्ने

घ) सेवा क्षेत्र निधारण तथा कलस्टर अनुसार अटो तथा ई-रिक्सा संख्या तोक्ने

ङ) अटो तथा ई-रिक्साको व्यवस्थापन एव यात्रुहरु वीच भएको विवादको समाधान गर्न आवश्यक सहजिकरण गर्ने।

**५. दर्ता नविकरण र खारेजीः**

१) प्रत्येक अटो तथा इ रिक्सा सवारी ऐन/ नियम बमोजिम यातायात कार्यालयमा नियमानुसार दर्ता एव नविकरण भै गाउँपालिकामा बार्षिक रुपमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६४ (१) (क) बमोजिम गाउँपालिकाले  दर्ता बाफत रु.१०,०००|०० र वार्षिक नवीकरण बाफत रु. ५,०००|०० कर तोकिएको म्यादभित्र अनिवार्य बुझाई अटो रिक्सा गाउँपालिकामा दर्ता तथा नवीकरण हुनुपर्नेछ। अटो रिक्सा दर्ता गर्दा निम्नानुसारका कागजात पेश गर्नुपर्नेछ।

अटोरिक्साको सवारी दर्ता गर्दा पेश गर्नुपर्ने कागजातहरुः-

क. गाउँपालिकाबाट तोकिएको ढाचाको निवेदन।

ख. प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गर्ने पत्र।

ग. सक्कल भन्सार पत्र/ भन्सार महसुल तिरेको रसिद।

घ. फर्म वा कम्पनीमा दर्ता भएको प्रमाणपत्र।

ङ. आयकर दर्ताको कागजात/करचुक्ता प्रमाणपत्रको प्रतिलिपि/भ्याट दर्ताको प्रतिलिपि।

च. सवारी साधनको इन्जिन च्यासिसको फोटो

छ. बीमाको कागजात।

झ. सवारी कर आयकर तिरेको रसिद

ञ. सवारीधनी स्वयम उपस्थित हुनुपर्ने।

२. गाउँपालिकामा दर्ता भई सञ्चालनमा आएका अटोरिक्सा तथा इ रिक्साले वार्षिक रुपमा गाउँपालिकामा तोकिएको सवारी कर बूझाई नविकरण गर्नुपनेछ। नविकरण गर्दा निम्न कागजातहरु पेश गर्नुपर्नेरछ

क. गाउँपालिका बाट तोकिएको ढाचाको निवेदन

ख. प्रदुषण मापदण्ड भित्र परेको प्रमाणित गर्ने पत्र।

ग. दर्ता गर्दा वा अघिल्लो आ.व.मा नविकरण गर्दा बुझाएको सवारी करको रसिदको प्रतिलिपि

घ. सवारी साधन कार्यालयमा ल्याई तोकिएको प्राविधिक कर्मचारीबाट चेकजाँच गराउनुपर्ने

ङ. बीमाको कागजात।
च. सवारी चालकको अनुमतिपत्रको प्रतिलिपि
छ. सवारीधनी स्वयम उपस्थित हुनुपर्ने।

३) नियमानुसार प्रदुषण मापदण्ड पुरा नगरेको कार्यालयमा सवारी साधन चेकजाँच गर्दा सवारी सञ्चालन गर्दा उचित नदेखिएको र वार्षिक नविकरण हुनुपर्ने समयभित्र नभई एक वर्ष म्याद नाघेको सवारी साधनलाई दर्ता खारेजि गरिनेछ। यसरी खारेजी भएका सवारी साधनहरु पुन दर्ता हुन आएमा नियम ५ को उपनियम १ को प्रक्रिया अनुसार दर्ता हुनु पर्नेछ।

४) जुनसुकै कार्यालयमा दर्ता भएको भए पनि गाउँपालिकाको क्षेत्र भित्र सञ्चालन गर्न अनिवार्य रुपमा गाउँपालिकामा दर्ता हुनुपर्नेछ।

५) अन्य कार्यालयमा दर्ता भएका सवारी साधनलाई गाउँपालिका क्षेत्रभित्र सञ्चालन गर्न दिइने छैन।

६. रुट निर्धारणः

१ गाउँपालिका भित्र निम्नानुसार स्थानका लागि तल तोकिए बमोजिमको सेक्टरमा पार्किङ हुने गरी उल्लेखित सख्यामा अटो तथा इ रिक्साले सेवा दिने गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उप दफा ४ (९) बमोजिम रुट प्रत्येक सवारी साधनका लागी वार्षिक रुपमा गाउँपालिकाको आर्थिक ऐनमा तोकिए बमोजिमको रुट निर्धारण शुल्क लगाई रुट निर्धारण पत्र जारी गर्नेछ। रुट निर्धारण पत्र प्रत्येक सवारी साधनले अनिवार्य बोक्नुपर्नेछ।

**रुट निर्धारण**

| सिन | राख्रे स्थानको नाम | वडा नं. | अटो सख्या | सेक्टर न |
|---|---|---|---|---|
| १ | बिटुले | ३ | | |
| २ | नालबगड | ३ | | |
| ३ | भैसे | ३ | | |
| ४ | च्युरानी | ३ | | |
| ५ | लटिनाथ, बजार | ३ | | |

२. माथि उल्लेखित भएका स्थान एव सेक्टरमा सवारी सख्या थपघट गर्नु परेमा नियम ३ बमोजिम गठित समितिको निर्णयानुसार हुनेछ।

३. प्रत्येक आ. व. मा रुट परमिट लिदा निम्नानुसारका कागजात पेश गर्नुपर्ने छ।

४. हाललाई सि.नं. १ देखि ३ सम्मको रुट परिमिट दिइने छ। थप रुट परमिट उपलब्ध गराउनु परेमा नियम ३ बमोजिम गठित समितिको निर्णयानुसार हुनेछ।

क. गाउँपालिकाबाट तोकिएको ढाँचाको निवेदन
ख. नविकरण भएको ब्लु बुकको प्रतिलिपि।
ग. सवारि जाँचपास प्रमाणपत्र
घ. बीमा सवारी चालक यात्रु र तोस्रो पक्ष  भएको प्रतिलिपि
ङ. माग भएको रुट खुलाउनु पर्ने।
च. चालकको लाईसेन्सकोको प्रतिलिपि र नागरिकताको प्रतिलिपि।

छ. तोकिए बमोजिमको दस्तुर बुझाएको रसिद।
ज. सवारीधनी स्वय उपस्थित नभएमा मञ्जुरीनामा पेश गर्नुपर्ने

**७. रुट परमिट सम्बन्धी अन्य व्यवस्था**

क. रुट परमिटको अवधि १२ महिनाको हुनेछ। म्याद समाप्त भएको मितिले १५ दिन सम्म परमिट नविकरण गराइसक्नुपर्नेछ। १५ दिन पछि थप ३० दिन सम्म अर्थात शुरु म्याद समाप्त भएको ४५ दिनसम्म दोव्वर दस्तुर तिरी नविकरण गराउन सकिनेछ। सो म्याद पनि समाप्त भैसकेपछि **रु २००० अक्षरुपी दुई हजार** मात्र थप जरिवाना लाग्नेछ।
ख. नविकरण गर्न कुनै निकायबाट रोक्का नभएको हुनुपर्नेछ।
ग. रुट परिमट नविकरण गर्दा बीमा वा जाँचपास अवधिले नभ्याउने भएमा जुन अवधि पहिला सकिन्छ सो उल्लेख गरी नविकरण गरिनेछ। र पछि उक्त कागजात ल्याई आएमा बाकी रहेको अविधि सोही दस्तुरको आधारमा नविकरण गरिनेछ।
घ. तोकिएको क्षेत्र बाहेक अन्य क्षेत्रमा अनुमती नलिई सञ्चालन गर्न पाईनेछैन

**८. चालकले पालना गर्नुपर्ने नियमहरुः**

१ प्रत्येक सवारी चालकले निम्नानुसारको नियम अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।
क. सवारी चालक अनुमतिपत्र सवारी दर्ता किताव बाटो इजाजतपत्र साथमा लिई मात्र सवारी चलाउनुपर्ने।
ख. वीमा नविकरण गरेको प्रमाणपत्र साथमा राखी सवारी साधन चलाउनुपर्नेछ।
ग. अटो रिक्साको यान्त्रिक अवस्था ठिक भए नभएको चेकजाँच गरेरमात्र सावरी साधन चलानुनपर्ने छ। तोकिएको भार क्षमता र गतिमा मात्र साधन चलाउनुपर्नेछ।
घ. मादकपदार्थ तथा लागुऔषध सेवन गरी सवारी चलाउन पाइने छैन साथै प्रतिवन्धित मालसामान तथा चिजवस्तु ओसारपसार गर्न पाइने छैन।
ङ. सवारी चलाउदा मोवाईल फोनको प्रयोग र ठुलो आवाजमा गीत संगित बजाएर सवारी चलाउन पाइने छैन । सडकमा ध्यान केन्द्रित गरर सुरक्षित साथ सवारी साधन चलनाउनुपर्नेछ।
च. अटोरिक्साको अगाडीको भाग चालकको दायाँ बाया यात्रु तथा मालसामान राख्न पाइने छैन साथै सवारीको बाहिरि भागमा मालसामान तथा यात्रु राख्न र झुण्डाउन पाइने छैन।
छ. सामाजिक सदभाव र सडक सुरक्षामा ध्यान दिदै यात्रुमैत्री व्यवहार गर्नुपर्नेछ। साथै अशक्त वृद्ध तथा बालबालिकालाई विशेष ध्यान पुर्याउनुपर्नेछ।
ज. सडकमा जथाभावि सवारी साधन रोक्ने पार्किङ गर्ने जस्ता कार्य गर्न पाइने छैन। साथै सवारी साधन पूर्ण रुपमा रोकिको अवस्थामा मात्र यात्रु चढाउन र ओराल्ने गर्नुपर्ने छ।
झ. रातिको समयमा यात्रा गर्दा लाईटको सही सदुपयोग गर्नुपर्नेछ। अटोरिक्सा तीव्र गतिमा चलाउने र आफु खुशी सवारी साधनको स्वरुप परिवर्तन गर्न जस्ता कार्य गर्न पाइने छैन।
ञ. अटोरिक्सा मुख्य सडकमा सञ्चालन गर्ने सडकको जथाभावि प्रयोग गर्ने शारिरीक ता मानसिक अवस्था ठिक नभएकाले सवारी चलाउने जस्ता कार्य गर्न पाइने छैन । होसियारी पूर्वक सवारी साधन चलाउनुपर्नेछ।
ट. सवारी दुर्घटना सवारी आवागमन अवरोध ट्राफिक समस्या तथा गुनासो भए तत्काल ट्राफिक प्रहरी कार्यालय र गाउँ कार्यपलिकाको कार्यालय लाई जानकारी दिनुपर्ने छ।

**९. यात्रु सुरक्षाः**

यात्रु सुरक्षाका लागि प्रत्येक सवारी साधनमा निम्नानुसारका नियमहरु पालना गर्नु गराउनुपर्नेछ।

१. अटोरिक्साहरुको दाहिने तर्फबाट यात्रु चढने र झर्ने गर्न नमिल्ले गरी बनाउने।

२. स्थान अनुसारको भाडादर उल्लेख गरी सवारी साधनमा देखिने गरी टास्ने।

३. ई-रिक्सामा राखिएका साउण्ड सिस्टम पूर्णरुपमा हटाउनुपर्ने।

४. यात्रुहरुको यात्राका बखत जथाभावि फोहोर नफाल्ने व्यवस्था मिलाउनुपर्ने।

**१०.बीमा सम्बन्धी व्यवस्था**

१. सवारीधनी वा व्यवस्थापकलाई बीमा बापतको रसिद मात्र काटेको आधारमा दुर्घटना भएपछि बीमित रकम नपाइने हुनाले अनिवार्य रुपमा सम्बन्धित बीमा कम्पनीसँग सो रकम बरावरको बीमा पोलिसी वा प्रमाणपत्र लिनुपर्ने अन्यथा दुर्घटना वापतको क्षतिपूर्ति नपाइने व्यहोराको जानकारी दिनुपर्ने छ। कार्यालयमा बीमा पोलिसी कागजात पेश नगरेमा कार्यालबाट सम्पादन हुने कुनैपनि सेवा प्रदान गरिनेछैन।

२. प्रत्येक सवारी साधनले ऐन र नियमावलीले तोके बमोजिम दुर्घटना बीमा मजदुर बीमा तेस्रोपक्ष वीमा गरेको हुनुपर्नेछ।

३. बाटो इजाजत जारी वा नविकरण गर्दा उक्त सवारीको सम्बन्धित अभिलेखमा बीमाको नाम र बहाल अवधि जनाउनुपर्नेछ।

**११. जरिवाना सम्बन्धी व्यवस्था**

१. सवारी दर्ता अनुमती नलिई स्वीकृति नलिई हेरफेर (रंग, सिट, स्वरुप, इन्जिन, च्यासिस) आवागमनमा बाधा पुर्याएमा १ हजार देखि ५ हजार सम्म जरिवाना हुनेछ।

२. तपसिल बमोजिम कसुर गर्नेलाई तत्काल ट्राफिक प्रहरीले नियमानुसार जरिवाना गर्नेछ। सो रकम तत्काल बुझाउन नसक्नेलाई २४ घण्टा भित्र सम्बन्धित गाउँपालिका कार्यालयमा पठाउनुपर्नेछ र गाउँपालिकाले कसुर खुलाई ट्राफिक प्रहरीको पुर्जिको आधारमा पहिलो पटक रु **१५०० दोस्रो पटक रु २००० तस्रो पटक रु २५०० र त्यसपछी पटकैपिच्छै दोव्वर जरिवाना गरी सचेत गराउन सक्नेछ।**

क. ट्राफिक सङ्केत वा इशारा उल्लघन गरी सवारी चलाएको।

ख. पार्किङ निषेध गरिएको ठाउँ वा समयमा पार्किङ गरेको।

ग. सवारी मोड्न वा ध्वनी संकेत निषेध गरिएको ठाउमा मोडेमा वा ध्वनी सङ्केत दिएमा।

घ. गलत साइतर्फ सवारी चलाएमा।

ङ. एकतर्फी सडकमा सो विपरित चलाएमा।

च. अवस्था ठिक नभएको सवारी चलाएमा।

छ. निर्धारित गति भन्दा बढी गतिमा सवारी चलाएमा।

ज. राति बत्ति नबाली सवारी चलाएमा।

झ. मादक पदार्थ सेवन गरी सवारी चलाएमा।

ञ. नम्वर प्लेट नराखी सवारी चलाएमा

ट. निर्धारित सिट भन्दा बढी यात्रु राखी चलाएमा।

ठ. सार्वजनिक सवारीको चालकले यात्री लिन इन्कार गरेमा।

ड. निर्धारित भाडा दरभन्दा बढि भाडा लिएमा।

ढ. लापरवाहीका साथ सवारी चलाएमा।

ण. बाटो इजाजतपत्र नलिई सार्वजनिक सवारी चलाएमा।

त. चालक अनुमती पत्र साथमा नराखी सवारी चलाएमा

**१२. जाँचपास सम्बन्धी व्यवस्थाः**

१. प्रत्येक अटोरिक्साले ६/६ महिनामा अनिवार्य रुपमा सम्बन्धित प्राविधिकबाट जाँचपास गराउनुपर्नेछ। दस्तुर रु **२०० लाग्नेछ।**

२. जाँचपास अवधि सकिएको ७ दिनभित्र जाँचपास गराउनुपर्नेछ। सो अवधि नाघी आएमा थप ३५ दिन सम्म दोब्बर दस्तुर लाग्नेछ। सो अवधि पनि नाघि आएमा दोब्बरका अतिरिक्त थप रु **५०००** सम्म जरिवाना लाग्नेछ।

३. जाँचपास गर्न गाउँपालिकाले तोकेको मापदण्ड पूरा भएको हुनुपर्नेछ।

**१३. भाडादरः**

गाउँपालिकाभित्र सञ्चालन हुने सवारी साधनले निम्न बमोजिमको अधिकतम भाडादर लिई यातायात सेवा दिनुपर्नेछ। तोकिएको भाडादर भन्दा बढी असुल गरेको पाईएमा नियम १० को उपनियम २ बमोजिमको दण्ड सजाय तथा जरिवाना गाउँपालिकाले तोकिएको कर्मचारीले जरिवाना गर्न सक्नेछ।

१. पिच गरिएको सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रिमा न्यूनतम रु २० र त्यसपछि प्रतिकिलोमिटर रु ५ का दरले भाडादर कायम हुनेछ।

२. कच्ची सडकमा सवारी साधनमा यात्रा गरे वापत प्रत्येक यात्रिले न्यूनतम रु **२०** त्यसपछी प्रतिकिलोमिट रु **१०** का दरले भाडादर कायम हुनेछ।

३. सेक्टर अनुसारको भाडादर नियम ३ को उपनियम १ बमोजिम गठित समितिले तोके बमोजिम हुनेछ।

४. भाडादर परिवर्तन गर्नुपर्ने अवस्था आएमा नियम ३ को उप नियम १ बमोजिम गठित समितिले समय सापेक्ष परिवर्तन गर्न सकिने छ।

**१४. अनुगमनः**

ट्राफिक प्रहरी र गाउँपालिकाले उल्लेखित कार्यविधि बमोजिम सवारी साधन सञ्चालन भए नभएको अनुगमन गर्न सक्नेछ।

**१५. विविधः**

१. यस कार्यविधिमा उल्लेख नभएका विषयहरु सवारी तथा यातायात व्यवस्था ऐन नियम तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

२. यो कार्यविधि संघीय तथा प्रदेश कानुन संग बाझिएको खण्डमा बाँझिएको हद सम्म यो कार्यविधि अमान्य हुनेछ।

# अनुसूची-१

मिति................

विषयः अटो रिक्सा/ ई रिक्सा दर्ता सम्बन्धमा।

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू
मार्मा गाउँ कार्यालयपालिकाको कार्यालय
लटिनाथ मार्मा दार्चुला।

मेरो/ हाम्रो नाममा खरिद भएको निम्न विवरण भएको निम्न विवरण भएको सवारी रुट इजाजत प्राप्तिका लागि आवश्यक प्रमाणहरु यसै साथ पेश गरेको छु। दर्ता गरी रुट इजाजत दिनुहुन सादर अनुरोध गर्दछु।

सवारी धनीको नाम थरः
ठेगानाः
मोवाइल नम्वरः
पिता वा पति/पन्तिको नाम थरः
सवारी दर्ता नंः
सवारीको किसिमः
सवारी बनाउने कम्पनीको नामः
सवारी बनेको सालः
सवारीको मोडेलः
सवारी हर्ष पावरः
सवारी इञ्जिन नः
सवारीको चेसिस नः
सवारीको रगः
सवारीको प्रयोग निजी भाडा
सवारीमा चालक सहित क्षमताः
सवारीको इन्धन प्रेट्रोल डीजेल/ व्याट्रीः
यस दरखास्त फाराममा उल्लिखित सम्पूर्ण व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुन बमोजिम सहुँला/ बुझाउला।
कम्पनी/फर्मको छाप
दस्तखत
नामथर
मितिः

# अनुसूचि-२
# रुट परमिट दर्ता किताव

मार्मा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
लटिनाथ दार्चुला
सुदूरपश्चिम प्रदेश नेपाल
रुट परमिट इजाजत पत्र

फोटो

सवारी दर्ता नं :
सवारी धनीको नाम :
बतन

| सवारीधनीको | दर्तागर्ने अधिकारीको |
|---|---|
| हस्ताक्षर | नाम |
| मो | पद |

| सवारी साधनको विस्तत विवरण |
|---|
| १ कम्पनीको नाम: |
| २ सवारीको मोडल: |
| ३ बनेको साल: |
| ४ सिलिण्डर संख्या: |
| ५ हर्ष पावर सि सि |
| ६ च्यासिस नम्वर: |
| ७ इन्जिन न: |
| ८ सवारीको रग: |
| ९ चालक सहित सिट क्षमता: |
| १० पेट्रोल डिजेल व्याट्री: |
| ११ रेडियो छ छैन: |
| १२ खरिद भइ आएको मानिस वा कम्पनी: |
| १३ प्रयोजन: |
| १४ चलाउने इलाका: |
| १५ भन्सार निस्सा: |

| | इजाजत पाएको क्षेत्र रुट | वहाल अवधि | इजाजत पत्र दिने वा नविकरीण गर्ने अधिकारीको दस्तखत र मिति |
|---|---|---|---|
| | | | |

आज्ञाले,
धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत